Govt. Regd. No.: 451/2016

हरियाली रक्षक

GREEN GUARD

May/June 2016



पहाडमा थोप्ले बाघ



वन्यजन्तु अपराधको सजायबारे शिलालेख



बोराटारमा चरीबाघ



काठमाडौंमा गोमन सर्प



ओशोपतोवनमा मानव-बाँदर द्वन्द्वबारे छलफल

GREEN GUARD FOR CONSERVATION



Radhakrishna Gharti, Central Zoo, Jawalakhel



Shiva Lamichane among students of Kalika Sharan



Asst. Head Teacher of Nagarjun T.HS. School



Drawing collection from students of diffrent schools



Students of North Valley Secondary School



Villagers of Ramkot, Nagarjun Municipality

Little Green Guards
Presents
Bimonthly Magazine

GREEN GUARD

Advisor
Prof. Dr. Ramesh Shrestha
Prof. Dr. Bhaiya Khanal
Roshan Shah

Associate Editor: ***Madhav Paudel***

Chief Editor: ***Dipak B. Thapa***

Chief Reporter: ***Hem Magar***

Co-ordinator / Editor: ***Bishwanth Rijal***

Photo
Green Guard

Design & Layout
Pranaya Sindurakar-9841324249

Printed at
Sopan Press Pvt. Ltd.-4442206

Office: Bagbazar, Kathmandu, Mobile: 9808244120, Email: greenguard2016@gmail.com

वन्यजन्तुको अवैध व्यापार, जघन्य अपराध

वन्यजन्तु अपराध विश्वमा चौथो अवैध व्यापारको रुपमा स्थापित भएको देखिन्छ। जैविक विविधताको धनि देश नेपाल पनि वन्य जन्तु अपराधाको विषयबाट अलग बन्न सकेको छैन । काठमाडौं उपत्यका वन्यजन्तु ओसार पसार गर्ने गन्तव्य स्थलको रुपमा विकसित भइरहेको सन्दर्भमा पनि "वन्य जन्तु अपराध" मुक्त क्षेत्रकोरुपमा घोषणा गर्न चुतौती बनेर आएको छ । विश्वव्यापी रुपमा दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु लोप हुदै गएको छन् । वन्यजन्तुका अङ्ग-प्रत्यङ्गबाट बनाइने परम्परागत औषधी तथा सौन्दर्य-श्रृङ्गारका साधनको लागि अन्तर्राष्ट्रिय बजारमा बढ्दो मूल्य र मागका कारणले नेपाल जस्तो विकासोन्मुख राष्ट्रहरुका वन्यजन्तुमा ठूलो प्रभाव परेको पाइन्छ । जिल्ला बन कार्यालय काठमाडौंले प्रकाशित गरेको "वन्य जन्तुको अपराध सम्बन्धी सूचना तथा तथ्याङ्को संगालो" पुस्तकमा जि.व.का. काठमाडौंमा दायर भएको मुद्दाको संख्या हेर्दा वन्य जन्तु अपराध कार्यलाई सानो क्षति व्योहोरेर धेरै प्राप्त गर्न सकिने (Low risk High gain) अवैध व्यापार भएको देखाएको छ। पुस्तकले विगत आठ वर्षको तथ्याङ्क प्रस्ततुत गर्दै यस अवैध व्यापारमा संलग्न रहेका जातजातिको संख्या लाई ओल्याएको छ । जसमा जनजातिहरु अत्याधिक बढि संख्या अर्थात ६०% छ भने त्यस पछि ब्राह्मण/क्षेत्री २९%, मधेसी २%, दलित ३% र अन्य बाँकी६% संलग्नता उल्लेख छ । विगत ८ वर्षको दौरानमा जम्मा ४०५ जना व्यत्तिहरु बन्यजन्तु अपराधमा संलग्न रहेकामा नेपालीहरुको संख्या ३८२ र बाँकी विदेशीहरु संलग्न देखिन्छन् । वन्यजन्तु अपराधमा महिला - ६% र पुरुष - ९४% को संलग्नता रहेको देखिन्छ । नेपाली बाहेक सबैभन्दा बढी भारतीयहरु वन्यजन्तु अपराधमा संलग्न रहेको देखिन्छ । नेपाली नागरिकहरुमा सबैभन्दा बढी नुवाकोट जिल्लाका त्यसपछि काठमाण्डौं, धादिङ्ग र काभ्रे अनि काठमाण्डौं जिल्लासँग सिमाना जोडिएका अन्य जिल्लाका बासिन्दाहरुको पनि संलग्न रहेको देखिन्छ। उमेर समूह हेर्दा सबैभन्दा बढी २६ देखि ४० वर्ष समूहका व्यक्तिहरुको संलग्नता पाइन्छ । वन्यजन्तु अपराधमा नेपाल बाहेक भारत, चीन, अरब र पाकिस्तान,अमेरिकन, कम्बोडियन, मलेसियन मूलका नागरिकहरु संलग्न रहेको देखाएको छ । यी तथ्याकंले वन्यजन्तु अपराधमा लाग्नेहरु सजिलैसँग उम्कन सक्दैनन् भन्ने एउटा बलियो प्रमाण पनि हो । वन्यजन्तु अपराध नियन्त्रण गर्न वाइल्ड लाईफ कन्ट्रोल व्यूरो कार्यरत छ र यो नेपालभर हाल सोह्र जिल्लामा सक्रिय रहेको छ। यस्तै तथ्याकंले धेरै युवाहरु यो क्षेत्रमा संलग्न रहेको देखाएको सन्दर्भमा जनचेतना मार्फत उनीहरुलाई देश विकासमा सरिक गराउनु पर्ने देखिन्छ । जैविक विविधता ह्रास हुनु वातावरणको लागि चुनौतीको विषय बनेको सन्दर्भ सरकारको मुखमात्र ताकेर हुँदैन । यस्ता अपाराधिक क्रियाकलापलाई निर्मूल गर्न देशका सबै वर्गको उत्तीकै दायित्व देखिन्छ ।

पहाडमा थोप्ले बाघ



कमलजङ्ग कुँवर
प्रमुख संरक्षण अधिकृत
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय, पानीमुहान, काठमाडौं

विश्वमा अहिले पाटे बाघ, साउथ चाइना, साइवेरियन (अमुर), इण्डो चाइना, मलाया गरी पाँच प्रजातिका बाघ पाइन्छन् । जाभान, सुमात्रान, र वाली बाघ विश्वबाटै लोप भईसकेका छन् । नेपाल, भारत, भुटान र वंगलादेशमा पाइने प्रजाति पाटे बाघ हो । हाम्रो देशमा पाइने अर्को एउटा महत्वपूर्ण बाघको प्रजाति 'थोप्ले बाघ' हो । चितुवालाई हिन्दु साहित्यमा थोप्ले बाघ (चित्रभ्याग्रा) भनिएको छ । त्यसैले नेपालका पहाडी भूभागमा बाघले बाख्रा खायो, बाघ आयो, बाघ खोर, बाघको दुलो, बाघ मुखे भन्ने चलनचल्दै आएको छ । पहाडमा 'बाघ'नाम उच्चारण गरेमा गाउँबस्तीमा थोप्ले बाघ आउँछ र क्षतिपुऱ्याउँछ भनेर 'कीरो' भन्ने चलन पनि छ । त्यसैले पहाडमा चितुवा बस्ने ठाउँलाई 'कीराको दुलो' भन्ने नामाकरण गरिएको हुन्छ ।

जलीय पारिस्थितिकीय प्रणालीमा गोही, डल्फीन, माछा आदि जलचर प्राणीहरु जल प्रणालीको जीवन्तताका प्रतिक हुन् । त्यसरी नै तराई, भित्रीमधेश, भावर, चुरे क्षेत्रको जंगलमा पाइने बाघ नै त्यस क्षेत्रको जंगलमा सबैभन्दा माथिल्लो तहमा हुन्छन् । मध्यपहाडी भूभागमा थोप्ले बाघ र हिमाली खण्डमा हिउँ चितुवाले त्यस क्षेत्रको स्वस्थ र सन्तुलित जंगलको प्रतिनिधित्व गरेका हुन्छन् । नेपालको अहिलेको भौगोलिक विभाजनमा तराईको १७ प्रतिशत भूभागमा पाटे बाघले, पहाडको ६८ प्रतिशत भूभागमा थोप्ले बाघ र हिमालको १५ प्रतिशत भूभागमा हिउँ चितुवाले प्रतिनिधित्व गरेको छ । त्यसैले देशको कुल भूभागको स्वस्थताको प्रतिनिधित्व यसै थोप्ले बाघले गरेको पाइन्छ ।

नेपालमा पहाडी भूभागमा सामुदायिक वनको विकास र संरक्षणबाट थोप्ले बाघको बास स्थान संरक्षण भएको छ । यसबाट नेपालमा थोप्ले बाघको संख्यामा बढोत्तरी आएको भन्न सकिन्छ । तर यसको एकीन तथ्याङ्क भने गणना गरिएको छैन । थोप्ले बाघ नै पहाडी भागको ६८ र तल्लो तटीय क्षेत्र तराईको १७ प्रतिशत भूभाग गरी ८५ प्रतिशत क्षेत्रलाई शुद्ध पानीको आपूर्ती गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने, कृषिभूमीलाई मरुभूमिकरण हुन जोगाउने, हावालाई स्वच्छ राखी शुद्ध हावा प्रदान गर्ने, स्थानीय बासिन्दाको दैनिक उपभोगका काठ, दाउरा, स्याउला सोत्तर, घाँसपात, जडिबुटी, गैरकाष्ठ वन पैदावारको आपूर्ति गर्ने क्षेत्रको शुद्धताको सूचक हो ।

जहाँ जहाँ पाटे बाघ पाइन्छ त्यहाँ त्यहाँको चुरे कम विनाश भएको छ र त्यसको तल्लो तटीय क्षेत्र सुरक्षित रहेको छ । जुन दिनदेखि धनुषा, सिराहा, सप्तरी लगायतका जिल्लामा बाघ देखिने छ त्यस वेला त्यहाँको चुरे सुरक्षित हुनेछ । त्यसैगरी जुनदिन पहाडमा थोप्ले बाघ देखिन छोड्ने छ त्यो दिन पहाड ध्वस्त हुनेछ । जुन दिन हालको चेर पहाड जस्तै मध्य पहाड विनाश भएमा पहाड मात्र होइन तराईको पनि वेहाल हुनेछ । त्यसैले नेपाललाई बचाउनका लागि यसको संरक्षण महत्वपूर्ण छ । थोप्ले बाघको यति ठूलो मूल्य र मान्यता हुँदाहुँदै पनि सरकारी र गैरसरकारी दुबै तर्फबाट संरक्षण क्षेत्रमा यसले प्राथमिकता पाउन सकेको छैन । त्यसैगरी हिमालमा हिउँ चितुवा संरक्षण हुनुपर्छ । यसलाई पहाडकी रानी पनि भन्ने गरिन्छ । यसरी हेर्दा पाटे बाघले जम्मा १७ प्रतिशत भूभागको सुरक्षा गरको छ तर देशको कूल भूभागको ८५ प्रतिशत भूभागको सुरक्षाकवच थोप्ले बाघ नै हो । चितुवा नै पहाडको बाघ हो र पहाडको राजा हो ।

बासस्थान खण्डिकरण, चोरी शिकार, बासस्थान विनाश, आहार प्रजातिको कमी, मानव वन्यजन्तुको द्वन्द्व, आगालागी, चरिचरण आदिका कारण यो बाघले संरक्षणमा प्राथमिकता पाएको छैन । सामुदायिक वनका उपभोक्ताहरु पनि यसलाई देखि सहदैनन् । किनकी यसले गाउँबस्तीमा आएर उनीहरुको जीउधनको क्षति पुऱ्याउने गरेको छ ।



यसले घरपालुवा जनावर मात्र क्षति पुऱ्याउँदैन कहिलेकाही त बस्तीमा पसेर मानवीय क्षति पनि पुऱ्याउँने गर्दा यो बदनाम हुने गरेको छ । पहाडी भूभागमा यसको ठूलो मूल्य र मान्यताका कारण पनि आज यसको संरक्षण गाउँखाने कथा जस्तो भएको छ । गाउँखाने कथामा हार्नेले उपहारमा गाउँ दिएपछि जित्नेले यो गाउँको धनसम्पत्ति, सम्पदा, राम्रा राम्रा कुरा सबै मेरा, यो गाउँका फोहोर, धुलो मैलो सरसफाई गर्ने जिम्मा सम्पूर्ण तिम्रो भनेर हार्नेलाई भन्ने हुँदा यसलाई गाउँखाने कथा भनिएको हो । वन क्षेत्रमा पनि यस्तै कथा हुने गरेको छ-वन क्षेत्रबाट स्वच्छ हावा, शुद्ध पानी, काठ, दाउरा, स्याउला सोत्तर, घाँसपात, जडिबुटी, गैरकाष्ठ वन पैदावार उपभोग गर्न पाउने अधिकार मेरो तर वन्यजन्तुले क्षति पुऱ्याएको व्यवस्थापन त्यसको संरक्षण गर्नु पर्ने जिम्मा सरकारी कार्यालयको भन्ने भनाई रहने गरेको छ ।

अहिले विकासको नाममा वन, वन्यजन्तु र वातावरण विनाश हुनु भनेको विनाश निम्त्याउनु हो । विकास सन्तुलित हुन सकेन भने त्यो दिगो हुन सक्दैन । जसले वातावरण जोगाउने विषयमा ध्यान दिदैन त्यो विकासवादी होइन विनाशवादी हो र मूर्ख हो । त्यसको पद, प्रतिष्ठा, पैसा र पहिचान खोक्रो आडम्बर मात्र हो । जसरी आज भौतिक विकासका नाममा काठमाडौँ शहर फोहोर, दूर्गन्धित, अव्यवस्थित, वातावरणीय हिसावले नेपाल, एशिया र विश्वकै निकृष्ट शहरमा परिणत भएको छ । त्यसैले वेलैमा होस् पुऱ्याउन नसकेमा हामीले धेरै कुरा गुमाउने छौ पछि पछुताएर केही हुने वाला छैन । त्यसैले हाम्रो भविस्य यसैमा निहीत छ यही सोचेर यसमा ध्यान पुऱ्याउन सकेमा नै असल नेतृत्वको बुद्धिमत्ता रहन्छ । विकासको खोक्रो रटानले पछि पछुताउनु सिवाय केही बाँकी रहदैन । जसरी आज काठमाडौँ र वाग्मती नदीको अवस्थाले आज काठमाडौँले प्रदुषणको पराकाष्ठा नाघेको छ र एशिया तथा विश्वमै फोहोरी शहरमा वदनामी कमाएको छ ।

काठमाडौँका वाग्मती र विष्णुमती लगायतका नदीहरूमा ढल तथा उद्योग कलकारखानाको फोहोर मिसाउनेहरू नै आज आफूलाई सम्भ्रान्त, विकासवादी, विद्वान, उत्कृष्ट र सभ्य ठान्दछन् । के नदी र वायू प्रदुषित हुनु सम्पन्न, समृद्ध र सभ्यहुनु हो ? वाग्मती र विष्णुमतीमा हिजो सहर माछा क्रिडा गर्थ्यो । त्यो सहर माछा नै पानीको शुद्धताको सूचक थियो । वाग्मतीबाट विदा हुने वेलामा काठमाडौँबासीलाई अन्तिम माछाले कवि शिरोमणि लेखनाथ पौडेलको चरीको विलाप कवितामा जस्तै भनेको थियो "म मर्ने हुँ मर्छु तर तिमी नराम्रोसँग चुक्यौं" । हुन त अहिलेका आफूलाई भाषा विज्ञ ठान्नेहरूले शहरलाई 'सहर' बनाइदिएका छन् । अहिले काठमाडौँ सहर नै सहर माछा जस्तै मृत्यू शैयामा सुतेको छ । नदीमा जलचर र जमिनमा वन्यजन्तुले त्यसको वातावरणीय शुद्धता र सन्तुलनलाई कायम राखेको हुन्छ । त्यसैले मध्य पहाडको थोप्ले बाघ नै हाम्रो जीवनको आधार हो ।

प्रकृति संरक्षण गर्नु भनेको आफूलाई र आफ्नो आत्मालाई पनि माया गर्नु हो । जसले सबै जीवलाई माया गर्दैन त्यसले आफ्नो आत्मालाई पनि माया गर्दैन । प्रकृतिको विनाश गर्नु प्रकृतिको चिरहरण गर्नु हो । राष्ट्र वा देश भनेको केवल अक्षांश र देशान्तर भित्रको भूगोल मात्र होइन, यस भित्र को नदीनाला, पहाड, पर्वत, हिमाल, संस्कृति, आर्थिक-सामाजिक अवस्था, वनजंगल, वन्यजन्तु, वनस्पति, वातावरण, प्राकृतिक स्रोत लगायत देशभित्र रहेका सम्पूर्ण चिजहरु नै राष्ट्र हो । जसले वन, वन्यजन्तु, वातावरण, प्रकृति र राष्ट्रभित्रका सम्पदालाई माया गर्छ त्यो मात्रै सच्चा राष्ट्रवादी र देशभक्त हो । त्यसैले जसले देश भित्रका वन, वनस्पति, वन्यजन्तु र वातावरण संरक्षण गर्दैन त्यो न देशभक्त हो न राष्ट्रवादी हो । ❑

नार्गाजुन वन र हाम्रो गाउँ



शिल्पा शिवभक्ती
कक्षा १०
नागार्जुन ठूला गाउँ मा.वि., जितपुरफेदी

नार्गाजुन वनको आडैमा रहेको जीतपुर फेदी र गोलढुङ्गाको वातावरणमा प्रतिकुल असर पर्दै गएको छ । वनजंगलमा पाइने जीवजन्तु पनि बिस्तारै लोप हुँदै जान थालेका छन् । यहाँ भएका जंगल फडानी हुने क्रम जारी छ । जंगल मासिदैं र नासिदैं गएको हुनाले वनमा बस्ने जनावरहरुलाई पनि प्रतिकुल असर पारेको छ । जंगल भनेको जंगली जनावरको बासस्थान हो, जहाँ जंगली जनावर स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ । जंगलमा कुनै पनि मानिसले उनिहरुको वातावरण बिर्गान पाउँदैन । वनजंगल फडानी भएका कारण जंगलमा भएका हिंस्रक जनावरले विभिन्न मानिस माथी आक्रमण गर्न थालेका छन् । यस ठाउँको वातावरणलाई मानिस आफैंले बिगार्न थालेका छन् । काठमाडौंमा भएका फोहोरहरु नुवाकोटको सिउँडीनीमा लगेर फाल्ने गरेको छन् । यस ठाउँ हुँदै जाने गाडीले यस स्थानमा दुर्गन्ध फैलाउन थालेको छ । शहरबाट फोहोर बोकी आएका गाडीले बाटाबाटामा फोहोर खसाल्ने गरेको पाइन्छ । फोहोर खसाल्दा वातावरणलाई नराम्रो असर पारेको छ । ठूलाठूला गाडी गुड्दा सडकको पिच सबै उकिएको छ । पिच राम्रो नभएकाले बाटामा ठूला ठूला खाडल परेर गाडीबाट फोहोर झर्ने गर्दछ । फोहोर कुनै पनि मानिसले टिप्ने गरेको पाइदैंन । बाँदरहरु आएर फोहोर खोस्रने गर्दछन् । बाटो खन्ने क्रममा त्यहाँ धेरै धुलो उड्ने गर्दछ । दिनमा एक पटक पानी हालिएन भने यहाँ बस्न पनि असहज बनेको छ । फोहोर धुलो धुवाँबाट विभिन्न रोग फैलिन थाल्छ ।

आर्थिक स्थिति सुधार्न मानिसले ठूला ठूला होटल, रेष्टुरण्ट आदि खोलेका छन् । यसबाट निस्कने फोहोर जहाँ पायो त्यहिँ फाल्ने गरेका छन । फोहोरबाट विभिन्न दुर्गन्ध फैलिन थालेको छ । शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्ज अगाडी रहेको जितपुरफेदी, ठूलागाउँमा विविध कुराले असर पारेको छ । राष्ट्रिय निकुञ्जमा गएर मानिसले दाउराको चोरी गर्ने गर्दछन् । कुनै कुनै मानिसलाई प्रहरीले समातेको पाइन्छ भने धेरै जसो मानिस उम्केका पनि छन । यसरी वन फडानी हुने क्रम जारी रह्यो भने हाम्रो अस्तित्व हावामा उडेर जान्छ । हरिया हुने वनको ठाउँमा नाङगा डाँडापाखा देखिन थालेको छ । शहरबाट ल्याएको फोहोरबाट जैविक मल, जैविक इन्धन बनाउन सकिन्छ । त्यहाँ भएको सिसा, प्लाष्टिक पुनः प्रयोग गर्न सकिन्छ तर त्यो पनि अहिले हुन सकेको छैन ।

❑

जितपुरफेदी, ढूलागाउँमा डढेलो



प्रतिक बुढा
कक्षा - १०
श्री नार्गाजुन ठुलागाउँ उ.मा.वि. जितपुरफेदी

वैशाख - १७ गते २०७२ शुक्रबार दिनको १ वजे तिर हाम्रो विद्यालयमा सांस्कृतिक कार्यक्रम भईरहेको थियो । एक्कासी धुवाँको राँप ले हाम्रो आँखा पोल्न थाल्यो । हामीले कतै बारीमा फोहर, कसीङ्गर जलाएको होला भनि वास्ता नै गरेनौं तर केहि छिनमा ठुलागाउमा आगलागी भएको हल्ला सुनियो । शिक्षकहरुले हामीलाई जान दिनुभएन तर म सरहरुलाई थाहा नदिकनै कुदेर १० मिनेटमै त्रिशुली काठमाडौं सडकबाट पश्चिम तर्फको आगलागि भएकै ठाउ ठुलागाउँकै आडमा पुगे । स्थानीय गाउलेहरु आगो निभाउन व्यस्त थिए भने आगो निभाउने दमकल आइपुगेको थिएन । केहि समयमानै दमकल पनि आइपुग्यो । झण्डै ५०, ६० जना जति गाउँले दाजु भाई, पुलिस अनि सैनिकहरुले स्याउला एव माटो फालेर आगो निभाउन प्रयास गरिरहेको थिए । सैनिक दाजुहरुले गरेको प्रयास निकै प्रशंसायोग्य थियो । झण्डै १ वर्ग कि.मि. क्षेत्रमा रहेको, भिरालो प्रकृतिको उक्त ठाउ निजी भएपनि केहि ठाउ सामुदायिक वन पनि हो अझ भनौ भने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको नागार्जुन वन त जोडिएकै अवस्थामा छ । तारकेश्वर न.पा. ८ जितपुर फेदीको आठमाइल को सौन्दर्यता दिने उक्त ठाउ केहि क्षणमै खरानीभएको मैले प्रत्यक्ष देखे । बल्ल तल्ल ५ वजे तिर डढेलो नियन्त्रमा आयो । केहि अघिसम्म चरा चुरुङ्गीहरुको चिरविर आवाज एवं दुम्सी, वादर, मृग, कालिज चराहरु रमाउने ठाउँमा उड्नसक्ने केहि चरा एवं भाग्न सक्ने केहि जंगली जनावर नजिकैको नागार्जुन वनमा पुगे होलान तर भर्खर प्वाख पलाउदै गरेको केहि चरा र ४-५ वटा कालिज डढेलोमा मरेको पाईयो । धुपी, सल्ला, कोइरालो, काफल, लालि गुरास जस्ता विरुवा एव जडीवुटी खरानी भए ।



डढेलोबाट घाइते भएको निरविरालो

यस वर्ष हाम्रो देशमा जतातै डढेलोको खबर सुनियो । राष्ट्रिय निकुञ्ज कै आडमा हाम्रो यो ठाँउ पनि अछुतो हुन सकेन । गाउलेहरुले काफल खान गएका केटाकेटीहरुले आगो लगाएको अनुमान गर्दै थिए, कोही त जानी जानी कसैले लगाएको भन्ने पनि सुनियो जे होस प्राकृतिक वासस्थानलाई नै हानि हुने यस्तो कार्य गर्नु जघन्य अपराध हो । अबका दिनमा यस्ता ठाउमा तुरुन्त वृक्षरोपण गर्नु र डढेलो जस्ता कार्य रोकथाम गर्न जनचेतना जगाउने एवं वन, वन्यजन्तु विनास गर्न पल्केकाहरुलाई बेलैमा निरुत्साहित गर्नु अति आवश्यक छ । ❑

बोराटारमा चरिबाघको बच्चा



नवीन राना मगर
कक्षा १०
श्रीपुरानो गुहेश्वरी मा.वि., गोलढुङ्गा

२०७३ वैशाख ३१ गते सुक्रबार म साथीसँगै, तारकेश्वर न.पा.-१० जाँदै थिए । वोराटार, माइक्रोबस पार्क नजिकै गाउँमा चितुवा पसेको हल्लाले त्यतै लागे । कामकाज सकेर फर्कनेहरुको पनि सो ठाउमा भिडभाड बढीरहेको थियो । प्रहरी दाजुहरुले जिल्ला



फेलापरेको चरिबाघको बच्चा

वन कार्यालय काठमाडौंलाई चितुवा आएको खबर गर्दै थिए । झण्डै ५ वजे तिर जिल्ला वन कार्यालय काठमाडौं र सदर चिडियाखाना जावलाखेलको टोली उक्त स्थान आईपुग्यो । सो जंगली जनावर देख्नेहरुसँग वन कर्मचारी र चिडियाखानाको टोलीहरु कुरा गर्दै थिए । कत्रो साइज को छ ? कता तिर पस्यो ? नजिक रहेको एक पसलेले हाम्रो छत जाने छिडीमा कार्टुनमा लुकेको छ भन्दा उहाहरुले चितुवा नभएर अर्को जीव होला भन्दै त्यता तिर गए । एकै छिनमा कार्टुन भित्र वसेको विरालो जस्तो उक्त जंगली जनावर लिएर उद्धार टोली निस्क्यो । भिडभाड छिचोल्दै उहाँहरु आफ्नो गाडी माथी बसेर उक्त जिव चितुवा नभएर चरीबाघको बच्चा हो भनि देखाउनु भयो । वास्तवमा उक्त चरीबाघको बच्चा घरपालुवा विरालो जस्तै भए पनि खुट्टा लामा, शरीरमा प्रष्ट देखिने कालो थोप्ला अनि विरालो जस्तै तर अलि चर्को आवाज रहेछ । उद्धार टोलीले आवश्यक संरक्षणको लागि सदर चिडियाखानामा उक्त चरिबाघको वच्चा लिएर गए । भोलीपल्ट विहानै सोही ठाउँ वरीपरी लौन वेलुका चितुवा कराएको थियो । कतै त्यो पोथी चितुवा आफ्नो वच्चा खोज्दै आएको त होइन भन्दै पनि कुरा गरेका थिए । हामीले यस्ता वन्यजन्तु वा बच्चाहरु कतै जंगलमा फेला परे ल्याउनु हुँदैन, आखिर आमाले आफ्नो बच्चा त खोजी हाल्छ । अनि बच्चा छुट्टिदा मानव र जंगली जानवरको विच द्वन्द्वको कारण पनि वन्ने नै भयो । ❑



TURTLE





Prajin Shrestha
Class: 10
North Valley Secondary School, Dharmasthali

Turtles are an ancient group of reptiles that have witnessed the rise and fall of the dinosaurs, with the earliest marine turtle fossils dated at about 110 million years old. Seven species of marine turtle now swim our oceans and all are included on the International Union for the Conservation of Nature (IUCN) red list of threatened species, with four species listed as either endangered or critically (very seriously or dangerously) endangered. Some marine turtle's populations around the world are really in danger of extinction. Unsustainable exploitation (making use of someone unfairly) accidental entanglement in fishing gear, marine pollution and habitat destruction are all to blame.

On June 16, 109 live turtle seized from Ranibari, Kathmandu. The turtle are illegally carried from India and expected to import from capital city. While in June 1st about 19 same types of turtle confiscated near the Tribhuvan International Airport, Kathmandu. To control such a illegal activities awareness as well as strict legal provision is most necessary. ❑

The Mountain Tapir



Anu Bindukar
Class:10
North Valley Secondary School, Dharmasthali

He is very long
He lives by a mountain and is very strong
There are flowers left because hunters go by
He can weight upto 550 pounds
And his long nose will sniff underground
He is six feet long and two and half free tall
When he climbs mountains he will never fall
He has thick brown fur and his lips are white
It is a shy animal and it has no tail
He lives in cold weather with snow and hail
He has a very good sense of smell
But he doesnot hear as well
Mountain tapirs are great
If you don't help them now
It will be too late ! ❑

विद्यार्थीलाई पुरस्कार

वन, वन्यजन्तु एवं वातावरण संरक्षणका विषयमा विद्यार्थीहरुले पठाएका लेख, रचना, चित्र, फोटो, छनौट गरी यस पत्रिकामा प्रकाशित भएमा आकर्षक पुरस्कार प्रदान गरिनेछ ।

हरियाली रक्षक
Green Guard
परिवार



Tina Tiger टिना बाघ

Anil Raut
Class : 6
Nagarjun Thulagaun H.S. School, Jitpurphedi

Hello, I am Tina the Tiger.
Tigers are the biggest cat on Earth.
This is my son Tommy.
We live in the forest.
I am a hunter and I only eat meat.
Our black stripes help us hide in the forest.
I like water and can swim very well.
I can run as fast as a car.
I can jump more than eight (8) meters.
Some people want to have me as a pet at their home.
But, I am most happy living in Nature.

हजुर, म टिना बाघ हु ।
बाघ पृथ्वीको सवैभन्दा ठुलो प्रजातिको बिरालो हो ।
यो मेरो छोरा टमी हो ।
हामी जंगलमा वस्छौ ।
म शिकारी हु र मासु मात्र खान्छु ।
हाम्रो कालो पाटाहरूले जंगलमा लुक्न मद्दत गर्दछ ।
मलाई पानी मन पर्दछ र सजिलै पौड्न सक्दछु ।
म कार जतिकै छिटो कुद्न सक्दछु ।
म आठ (८) मिटर भन्दा माथि उफ्रन सक्दछु ।
कोही मानिसले मलाई घर पालुवा बनाएर राख्दछन् ।
तर म प्रकृतिमै बस्न धेरै रमाउँछु ।



Smriti Shrestha
Class : 6
North Valley Secondary School, Dharmasthali

Baadi the bullfrog बादी मेघी भ्यागुता

Hello, I am Baadi the bull frog.	हजुर, म बादी मेघी भ्यागुत्ता हुँ ।
This is my friend Sangita.	यो मेरो साथी संगीता हो ।
Sangita is a paa frog.	संगीता पाहा भ्यागुत्ता हो ।
We are both amphibians.	हामी दुवै उभयचर प्राणी हौ ।
I am very big and Sangita is very small.	म धेरै ठुलो छु र संगीता धेरै सानी छ ।
I have a loud voice.	मेरो ठुलो स्वर छ ।
Sangita has a quiet voice.	संगीताको सानो स्वर छ ।
My body is yellow and my cheeks are blue.	मेरो शरीर पहँलो र गाला निलो छ ।
Sangita is green with black stripes.	संगीताको शरीर हरियोमा काला पाटाहरु छन् ।
Sangita and I eat insects.	संगीता र म किरा फट्याङग्रा खान्छौ ।
Without clean water Sangita and I cannot live.	स्वच्छ पानी बाहेक म र संगीता बाँच्न सक्दैनौ ।
Please help keep the water clean.	कृपया पानी सफा राख्न सहयोग गरौं ।



Ram Sharan Tamang
Class : 3
Kalika Sharan Secondary School, Tinpiple

Tom Tiger टम बाघ

I am Tom the **tiger**. I am a **hunter** and I only eat **meat.**
I am the biggest **cat** on **Earth**.

Shh! I have to be very **quiet** when I hunt.
The **pattern** of black stripes on my **fur** helps me hide in the forest **where** I live.

I like water and **can swim** very well.
When the **weather** is **sunny** I like to take a **bath** in the **cool** stream water.

Did you know that I can **run** as fast as a **car** and can **jump** more than **eight** (8) meters.
People want to kill me for my skin and **teeth**.

Some people want to have me as a pet in their home. **But**, I am most happy living in **nature**.

म टम बाघ हु । म शिकारी हु र मासु मात्र खान्छु ।
म पृथ्वीको सबैभन्दा ठुलो प्रजातिको बिरालो हु ।

सिः! जब म सिकार गर्दछु म निकै शान्त प्रकृतिको हुन्छु ।
मेरो शरीरको भुवामा कालो पाटाहरूले म बस्ने जंगलमा लुक्न मद्दत गर्दछ ।

मलाई पानी मन पर्दछ र सजिलै पौड्न सक्दछु ।
जब गर्मी हुन्छ म चिसो झर्नाको पानीमा नुहाउन मन पराउँछु ।

के तपाईलाई थाहा छ ? म कार जतिकै छिटो कुद्न सक्दछु ।
र म आँठ (८) मिटर भन्दा माथि उफ्रन सक्दछु ।
मानिसले मेरो दाँत र छालाको लागि मलाई मार्दछन्

कोही मानिसले मलाई घर पालुवा बनाएर राख्दछन् ।
तर म प्रकृतिमै बस्न धेरै रमाउँछु ।



Sabin Pudasaini
Class : 4
Nagarjun Secondary School, Goldhunga

राज धनेश

Great Hornbill, *Bucers bicornis*

अलि ठुलो शरीर एवं ठुलै नापको पहेँलो ठुँड, कालो पुच्छर जसको अन्तिम पेटी सेतो हुन्छ । घाँटी एवं पखेटाको रेखाहरुमा पहेँलो लेप देखिन्छ । भाले र पोथी उस्तै देखिए पनि भालेको आँखाको नानी रातो तर पोथीको सेतो हुन्छ । भाले, पोथीसँगै चर्को आवाज निकाल्दछन उड्नु भन्दा अगाडी झन् ठुलो आवाज (गोङ्–गोङ्) निकाल्दछन् । फलफूलका रुखहरु भएका जंगल २५० मिटरसम्म विशेष गरि फलफुलका रुख भएका ठाउँमा पाइन्छ । तराई र भित्री मधेश क्षेत्रका बाक्ला जंगलहरूमा विशेषगरी चितवन र बर्दिया रा.नि.हरू, पर्सा र शुक्लाफाँटा वन्यजन्तु आरक्षहरूमारहेको पाइन्छ । यो साइटिसको अनुसूचि १ र आइयूसिएन रेड बुकमा लोपोन्मुख वर्गीकरणमा रहेको छ ।

नागार्जुन वन : ऐतिहासिक एवं धार्मिक दृष्टिकोन



निराजन तामाङ
प्रमुख, नेचर गाइड, नागार्जुन सेक्टर

हाम्रा राजा महाराजाहरु पनि जंगल तथा वन्यजन्तुहरु जोगाउन कति अग्रसर छन् भन्ने प्रमाण हाम्रा राजा सुरेन्द्रद्धारा यस नागार्जुन वन तथा यहाँ पाइने वन्यजन्तुहरु सम्बन्धी ल्याएको ऐन वि.सं. १९२६ ले स्पष्ट पार्दछ, जुन ऐन विश्वको पहिलो राष्ट्रिय निकुञ्ज, अमेरिकाको "Yellow Stone National Park'' स्थापना हुनुभन्दा करिब ३ वर्ष अगाडि नै ल्याईएको थियो र सो ऐनको शिलालेख हाल यस नागार्जुनको प्रवेशद्धार फुलवारी गेटमा राखिएको छ । सो शिलालेख अनुसार त्यो समयमा मयुर, डाँफे, बाघ, हरिण, चित्तल जस्ता विभिन्न जीवजन्तुहरु चोरी सिकारि गर्नेहरुलाई विभिन्न दण्ड जरिवानाको व्यवस्था भएको उल्लेख छ । यसबाट के प्रमाणित हुन्छ भने हाम्रा राजा महाराजाहरु पनि जंगल तथा जीवजन्तुहरु जोगाउन अग्रसर थिए भन्ने सिद्ध हुन्छ ।

नेपालमा मात्र पाइने एक मात्र चरा 'काँडे भ्याकुर' (Tordoides Nepalensis) पनि नागार्जुनमा पाइन्छ । यस नागार्जुन, रानीवनमा सुनौलो कालिजहरु (Golden Kaliz Pheasants) ठुलो पिजडाभित्र सुरक्षित साथ राखिएका छन् । निक्कै आकर्षक देखिने ती कालिजहरुले जो कोहिको मन लोभ्याउन सक्दछ । त्यो समयमा राजा विरेन्द्रलाई स्वीस सरकारले उपहारस्वरुप एक जोडी सुनौलो कालिज प्रदान गरेको र सो कालिजको जोडीलाई संरक्षणका लागि राजा विरेन्द्रले यस नागार्जुनको रानीवनमा ठुला ठुला खोर बनाएर राख्न लगाइएको रहेछन् । पछि तिनै कालिजहरु बुद्धि भएर हालको संख्यामा आएको हो ।

धार्मिक तथा ऐतिहासिक दृष्टिकोणबाट पनि नागार्जुवनको छुट्टै पहिचान छ । स्वयम्भु पुराण अनुसार, जब काठमाडौं उपत्यका तालको रुपमा थियो, त्यसबेला विपस्वी बुद्ध यस नागार्जुनको सबैभन्दा माथिल्लो भाग (जहाँ अहिले स्तुपा छ) मा आई तपस्या गर्नुभयो । तपस्याको क्रममा वहाँले तालमा सहस्र कमलको बीउ छर्नु भयो । त्यो बीउबाट सहस्र कमलको फुल उम्रियो र सोही फुलबाट ज्योतिर्मय भगवान उत्पन्न भयो, जुन भगवानलाई नै हाल स्वयम्भु भनिन्छ । पछि मञ्जुश्रीले उपत्यकाको पानी पठाएपछि पनि फेरि एकाएक उपत्यकामा विस्तारै पानी भरिन थाल्यो । फेरि मञ्जुश्रीले हेवज्र नैरात्य नामक महायोगीको तपस्या गरी पानी रसाउने ठाउँ यसै नागार्जुनको प्रवेशद्धार फुलबारीगेटबाट ठीक तल्लो भागमा पर्ने प्रसिद्ध गृह्येश्वरी मन्दिर रहेको स्थान हो भनी पत्ता लगाएका थिए । यस नागार्जुनको टुप्पामा अवस्थित जामाचो स्तुपामा भगवान गुरु पद्मशम्भवको मुर्त्ति पनि रहेको छ । जामाचो स्तुपामा प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाको दिन भव्य मेला

गर्दछ र सोही दिन भक्तालुजनहरु निःशुल्क नागार्जुन प्रवेश गर्न पाउँछन् । ठीक त्यसै जामाचो स्तुपाको तल्लो भाग, जुन रानीवन क्षेत्रमा पर्दछ, जहाँ एउटा ठुलो बुद्धको मुर्त्ति छ, जसलाई 'बीचको भगवान पाउ' भनिन्छ । यस ठाउँमा भगवान गुरु नागार्जुनले तपस्या गरेको भन्ने आम भनाइ छ । यस ठाउँमा पनि दुई ओटा शिलालेखहरु छन्, जुन राजा प्रताप मतलका छोरा पार्थिवेन्द्र मल्लद्वारा राख्न लगाइएको हुन् भन्ने कुरा ईतिहासमा उल्लेख भएको पाइन्छ ।

'बीचको भगवान पाउ' भन्ने ठाउँबाट ठीक तल्लो भागमा पचली भैरवको मन्दिर रहेको छ, जहाँ प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमा (यामरी पुन्हि) को ठीक अघिल्लो रात ठुलो जात्रा लाग्ने गर्दछ । त्यस्तै यस नागार्जुन डाँडाको वरिपरि पनि बुद्धका विभिन्न मुर्त्तिहरु तथा गुफाहरु छन् भन्ने प्रमाणहरु विभिन्न पुस्तकहरुमा पाईन्छन् । प्रसिद्ध फ्रेन्च लेखक सिल्भा लेभीद्धारा लिखित 'नेपाल' नामक पुस्तकमा पनि नागार्जुनको बारेमा धेरै तथ्यहरु लेखिएका छन् भने वेल्जियमका लेखक Hubert Decleer ले आफ्नो किताव Account of Svuwambhu मा पनि नागार्जुन पर्वतमा बौद्ध धर्मका महत्वपूर्ण स्थान रहेको कुरा उल्लेख गरको छन् । त्यस्तै फुलबारीगेट प्रवेशद्धारबाट थोरै अगाडि मुडखु जाने पासाङल्हामु राजमार्गको ठीक माथिपट्टि एउटा 'शान्ति गुफा' अवस्थित छ, जसको भित्रि भागमा बुद्धको मुर्ती छ । त्यस गुफा भित्र दुई ओटा बाटाहरु छन्, एउटा बाटोबाट अलि भित्र जादा शिर काटिएको बुद्धको मुर्ती भेटिन्छ भने अर्को बाटोको बीच भागमा नै पहिरोले



राजा सुरेन्द्रको पालामा वन्यजन्तु अपराधको सजायबारे शिलालेख

बाटो बन्द छ । पर्याप्त अन्वेषण भएमा गुफा भित्रको बाटोको पहिचान गरी त्यहाँ भएका अनेकन भौगर्भिक बस्तुहरु सम्बन्धि तथ्यहरु बाहिर आउन सक्छन् । त्यस गुफालाई पहिला 'लक्ष्मी गुफा'को नामले चिनिन्थ्यो र पछि बौद्ध धर्म सम्बन्धि विभिन्न संस्थाहरुले त्यसको मर्मत संम्भार गरी 'शान्ती गुफा' नाम रहन गएको हो ।

मुड्खुबाट जंगलैजंगल स्वानागाउँ जाने बाटोको करिब माथिल्लो भागमा 'छहरे' नामक एउटा पुरानो दरवार रहेको छ जुन श्री ३ जंगबहादुरले बनाउन लगाएको कुरा इतिहासमा उल्लेख छ । घना जंगल भएका कारण श्री ३ जंगबहादुरले विभिन्न जीवजन्तुहरु छोड्न लगाएका थिए भन्ने कुरा पनि ईतिहासमा नै उल्लेख छ ।

यसको साथसाथै यस नागार्जुनको प्राकृतिक महत्व पनि उस्तै छ । रानीवन, नागिनी, छहरे, डम्बरसिंह जस्ता विभिन्न पानी मुहानबाट त्यस क्षेत्र वरपर वस्ने बासिन्दाहरु निक्कै लाभान्वित बनेका छन् । ❑

काठमाडौंमा गोमन (Corba) सर्प



शिलु तामाङ
कक्षा - १२
कान्तिपुर कलेज, थली

नयाँ वर्षको दोश्रो दिन कागेश्वरी मनहरा न.पा.-१५ फुयाल गाँउ, वसपार्क नजिकै करिव १२ वजे अजिगँर निस्केको हल्लाले भिड्भाँड हुन थालेको थियो । प्रहरीले जिल्ला वन कार्यालय काठमाडौंमा उक्त अजिगर उद्धार गर्न खवर गरे लगतै उद्धार टोली उक्त ठाउँमा पुग्दा खैरो, सेतो रंगको झण्डै ९ फिट लामो गोमन (King Cobra) सर्प भन्ने ठम्याई गरियो । उक्त सर्प नजिकै अर्को कालो अली सानो आकारको सर्प मरेको अवस्थामा थियो । विषालु सर्पलाई सजिलै समाउन गाह्रो भएको वेला गाउकै एक ५२ वर्षिय कमलकृष्ण फुयाल सर्प समाउन अगाडि आइपुगे । नभन्दै उनले सर्पलाई समातेर आफ्नो घाटीमा बेरे र उनले जे भन्यो त्यही सर्पले गरेको पाईयो । आधुनिक हातहतियार, औजार प्रयोग नगरि विषालु सर्पलाई सजिलै आफ्नो वस पार्ने क्षमता भएका कमल कृष्णको सहयोगमा उद्धार टोलीले सर्प कार्टुनमा राखी प्राकृतिक वासस्थान (शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्ज) मा सकुशल छोड्न काम भयो ।



फुयालगाउँमा फेला परेको गोमन सर्प

सपेरा जस्तो देखिने उक्त व्यक्ति वारे यस पंक्तिकारले सोधखोज गर्दा गाउलेहरुले निज व्यक्ति सानैदेखि सर्प समाउदै आएका हुन र सोही दिन उक्त विषालु सर्पले अर्को सर्पलाई निल्दै गर्दा कमल कृष्णले सर्पलाई उकेल ! भनि के कराएका थिए, आधी निलीसकेको सर्पसमेत गोमन सर्पले उकेलेर छोडेको वताए । सर्प समाउने यस्ता कला भएको व्यक्तीलाई सरकारी तवरबाट नै उपयोग गर्न सके उद्धार कार्यमा सजिलो हुने आशा महत्वपूर्ण देखिन्छ ।

काठमाडौं उपत्यकामा गोमन सर्प वारे जानकारी लिन फेसबुक पेजमा हेर्दा नेपालमा हरेउ सर्प पत्ता लगाउने वन्यजन्तु विज्ञ प्रा. करण शाहले यो नौलो कुरा होइन भनि प्रतिकृया दिएको पाइयो । पंक्तिकारले हरियाली रक्षकसँग यसबारे सम्पर्क गर्दा वहाँले विदाको समय पारेर उक्त गोमन सर्प देखिएको ठाउमा जाँदा गाउलेहरुले अहिलेसम्म त्यस्तो नदेखेको बताए अझ उनै कमलकृष्ण फुयाललाई त्यस्तो गोमन सर्प देख्नु भएको छ भन्दा त्यस्तो त होईन अझ २-४ वटा

अरुनै सर्प अहिले समातेर ल्याउ भनि प्रतिक्रिया दिएको बताउनुभयो । वास्तवमा गाउलेहरुले गएको महाभूकम्प पछि ३,४ ट्रक बाँस तराईबाट यहि गाउँमा ल्याएको वताए कतै त्यो सर्प बाँसमै लुकेर त आएन भन्ने रहस्य देखियो । अनि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रका बस्तीमा गाउले, कृषकहरुलाई यस पक्तिकारले भेटेको वेला वा संचार माध्यमबाट जानकारी लिन खोज्दा ७०/७५ बृद्ध बृद्धाले १२/१३ वर्षदेखि यहि वनक्षेत्रमा घास, दाउरा गरियो तर यसरी फन्का फिजाएर जस्तो गरी गरेको कुनै सर्प देखिएन भन्ने कुरा बताउनुभयो । हुन त गत महिना टेकु स्थित अस्पतालमा सर्पले टोकेको भनि भर्ना भएका ६ जनाहरुमा कोहिपनि विषालु सर्पले नटोकेको कुरा चिकित्सक बताउँछन् । जेहोस् काठमाडौं उपत्यकामा विष भएका र विष नभएका के-कस्ता सर्पहरु छन् विस्तृत अध्यनको खाँचो छ । ❑

हरियो वन नेपालको धन



अमर तामाङ
कक्षाः नौ (९)
कालिकाशरण मा.वि.तिनपिप्ले, जितपुरफेदी

वनमा आगो निभाउने कस्ले
राम्रो काम हुन्छ आगो निभाउँछ जस्ले
कसरी लाग्यो वनमा आगो ? लायौ है किन ?
वन जङ्गलसँग तिम्रो के थियो लिन दिन ?

जनावरले तिम्रो के खायो ? लिन खोज्छौं त्यसको ज्यान
के फाइदा हुन्छ रोज्छै किन खोज्छौं जनावरको ज्यान
रोक्थ्यो होला त्यो बाढी र पहिरो, भइदिए वन
कति राम्रो हरियो वन, नेपालको धन

आगो ! वन जलाई जलाई खरानी बनायौं
हे भगवान ! जाँदै थियो दुःख फेरी खनायौं
वास स्थान नास गऱ्यौ, गर्ने छन् अब हमला
जनावरमा पनि चेतना छ लिनेछन् त्यसले बदला

जानी जानी लुकीलुकी तस्करी गछौं यताउति सुट्ट
जानी जानी किन हान्छौं छुराले आफ्नै खुट्टा
जानी जानी किन पाछौं ? आफ्नै देशमा रुखका बुट्टा

हे ! काकाकाकी अब के छ बाँकी
माऱ्यौं सबै जन्तु बन्दुकको नलीले ताकी ताकी

कति राम्रो हुन्थ्यो होला अझै हरियाली भए
त्यो हरियाली ! जनावार नै जनावर माझै बस्न पाएँ
के बिग्रिन्थ्यो त्यो जङ्गल र जनावरसँग प्रेम लाँए
रोक्थ्यौ होला त्यो बाढी र पहिरो भइदिए वन
कति राम्रो हरियो वन नेपालको धन ❑

ओशोतपोवनमा मानव र बाँदरको द्वन्द्व न्यूनीकरण बारे छलफल



शिव फुयाल
Asst Head Teacher
Nagarjun T H.S. Jitpurphedi

नागार्जुन वनको काखमा अवस्थित Osho Tapoban (International Commune Center) जहाँ राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रका व्यक्तिहरु ध्यानको लागि आइपुग्छन् । प्राकृतिक सुन्दरता संगै ध्यानमा रमाउनेहरुका लागि बाँदरको समस्याले मुक्ती पाउन सकेको छैन । स्थानीय गाँउलेहरुले समेत बाँदरको समस्या संग जुधिरहेको अवस्थामा विभिन्न परम्परागत विधिहरु अपनाउनुको साथै सन् २०११ मा राष्ट्रिय दैनिक मार्फत बाँदर धपाउन सक्ने विशेषज्ञ चाहियो भनि विज्ञापन पनि नगरेको होइन् । सरकारी निकायमा समेत वाँदर नियन्त्रणका लागि गुहार मार्दा पनि कतै बाट सुनवाई भएन ।



गत महिनाको सुरुवातमा नै ओशोतपोवनमा गाउले, शिक्षक, राजनीतिज्ञ, नेचर गाइड एवं ओशो तपोवनका स्वामीहरुको प्रतिनिधमुलक भेलामा मानव र वाँदरको द्वन्द्व निराकण बारे छलफल भयो । ओशो तपोवनका स्वामी सुदीप पौडेलले अन्तराष्ट्रिय ख्याती प्राप्त गरिसकेको यो ध्यानकेन्द्रमा हाल सम्म कुनै समस्या थिएन तर स्वदेशी एवम विदेशी पाहुनाहरुका लागि वाँदरको आतंक बाट समस्या उत्पन्न भएको बताउनु भयो । गाउँले तर्फबाट भरत तामाङले आफुहरुले कृषि कार्य समेत गर्न नपाएर खेतबारी बाँझै राख्नु परेको बताउनु भयो । Little Green Guard का तर्फबाट वडो सरल, वैज्ञानिक ढंगबाट मानव र वाँदरका द्वन्द्वका कारण र समाधानका उपायबारे भिजुअल



प्रस्तुतीका साथै राष्ट्र अन्तराष्ट्रिय सफलताको प्रयास एवम् उपलब्धी देखाउनु भयो ।



उपस्थित सबैले जनचेतनामुलक एवं वैज्ञानिक व्यवस्थापनबाट समस्या समाधान हुन सकिने र यसको लागि सबै जुट्नु पर्ने आवश्यकता महसुस गरियो । नागार्जुन वन, नेचर गाइड प्रमूख निराजन तामाङले पारिस्थितीक प्रणालीलाई खलबल नबनाई अगाडि बढ्नु पर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी समस्या समाधानका लागि आफुले सरकारी निकायमा पहल गरीदिने कुरा पूर्व मन्त्री ज्ञानेन्द्र ब. कार्कीले वताउनु भयो । कार्यक्रममा Green Guard का प्रधान सम्पादक दिपक थापाले जनचेतना अभिवृद्धिवाट द्वन्द्व न्यूनीकरण गर्न सकिने वताउँदै पोष्टर वितरण समेत गर्नुभयो । ❑

मानव - चितुवाको द्वन्द्व



निरज पुतुवार
कक्षा-७, श्री पुरानो गुहेश्वरी मा.वि. गोलढुङगा

गतवर्षको अन्ततिर गोलढुङ्गा नजिकै तीनधारामा मेरा दाईहरु वेलुका पख पानी लिन भनेर हिडेका थिए । सो ठाउँ पुग्न वन, बुट्यानको बाटो हुदै जानुपर्थ्यो एक्कासी बाटोमा चितुवाले झम्टयो, मेरो दाईले चितुवा चितुवा भनेर कराउदा नजिकै गाउलेहरुले पनि हो-हल्ला गरे । कोही टर्चलाइट वाल्दै दाइ भएको ठाउमा पुगे, चितुवा भाग्यो । मेरो दाई र अर्का छिमेकीलाई चितुवाले चिथर्‍यो । वास्तवमा सो घटना भएको केहि दिन अघिमात्र गाउँलेहरुले सो ठाउँ नजिकैबाट चितुवाको बच्चा ल्याएको थिए र सो बच्चा निकुञ्जलाई वुझाएको थिए । सोही बच्चा खोज्दै चितुवा यताउता हिडिरहेको हो । एकातिर वन क्षेत्रमा चितुवाको वासस्थानको अभाव अर्को तिर डढेलो एवं चितुवा जस्ता जंगली जीवलाई हामीले विभिन्न बाधा पुरयाउदा हामीलाई आक्रमण गरेको भन्ने कुरा मेरो हजुरवुवाले भन्नुहुन्छ, उहाँहरुको पालामा खोइ यस्तो हुँदैन थियो । अहिले जनावर र मानवबीचको द्वन्द्व मानिसकै कारणबाट सिर्जना भएको देखिन्छ । ❑

वातावरण संरक्षणका आवश्यकता चुनौती र हाम्रो दायित्व



कोपिला ढुगांना, कक्षा- १०
श्री पृथ्वीनारायण उ.मा.वि. तारकेश्वर न.पा.

जिल्ला वन कार्यलय काठमाडौँद्वारा विश्व वातावरण दिवस, २०७३ को उपलक्ष्यमा आयोजित काठमाडौं जिल्लाको उत्तर भेगीय मा.वि. स्तरीय बक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल वक्तृत्वकला को सार :

पृथ्वीको चारैतिर रहेको सजिव र निर्जिव वस्तुहरुको समिश्रणलाई नै वातावरण भनिन्छ । मानविय विकास निर्माणका कार्यहरु यही वातावरणमा नै हुन्छ । वातावरण संरक्षण गर्नु भनेको यसको प्रयोग विवेकशील र वैज्ञानिक ढंगले गरेर यसको सम्वर्धन गर्नु हो । वातावरण संरक्षणको आवश्यकता किन पर्दछ भने यसको आवश्यकता हामी मानवलाई मात्र नभई सम्पूर्ण वनस्पति र वन्य जन्तुलाई पर्दछ । यस पृथ्वीमा भएका सम्पूर्ण सजिव वस्तुहरुको अस्तित्व जोगाई राख्न पनि



वातावरण संरक्षणको आवश्यकता पर्छछ । वेरोजगारी घटाउन, गरिबी न्यूनीकरण गर्न, दुर्लभ वन्य जन्तुको संरक्षण गर्दा हामीले कठीन चुनौतीहरुको पनि पार गर्नु पर्दछ । वन विनाश, अनियन्त्रीत जनसंख्या वृद्धि, अव्यवस्थीत शहरीकरण, चोरी सिकारी आदि जस्ता कुराहरु वातावरण संरक्षणका प्रमूख चुनौतीहरु हुन् । यस्ता चुनौतीको सामना गर्ने क्षमता एक, दुई जना व्यक्तिबाट पक्कै पनि हुदैन । एकले थुकी सुकी, सयले थुकी नदी भने जस्तै वातावरणको संरक्षण गर्न व्यक्ति, समाज, राष्ट्र र सिंगो पृथ्वीका विवेकशील प्राणीहरु काधँमा काध मिलाएर जुट्नु पर्दछ । यसका लागि सबै नागरिक र राज्यले सहकार्य गर्नु पर्दछ । हो, आवश्यकता नै आविस्कारको जननी हो भने सरह वातावरण संरक्षणको आवश्यकता वर्तमान समयमा धेरै छ । अनि यसका चुनौती माथि भच्याङ् चढ्दै जाउ हाम्रो प्रमुख कर्तव्य हो ।

कुनै पनि समाज एउटा असल समाज तव सम्म वन्न सक्दैन जहा वातावरण संरक्षणको कार्य कार्यन्वयन हुन सक्दैन त्यसै गरी राष्ट्र, एउटा असल राष्ट्र तव सम्म बन्न सक्दैन जहाको जनताहरु वातावरण संरक्षणका चुनौती सामना गर्न सक्दैन ।

हो, आज त्यस्ता चुनौतीहरुसँग जुध्न नसक्दा हाम्रो वातावरणको मुहार

फेर्न हामिलाई गाह्रो भएको छ । वातावरण विनाशको कारणले हामी रोगको सिकार हुन पुगेको छौ, पृथ्वीको उष्णता बृद्धि भएर मौसम परिवर्तनको चपेटामा फसिरहेका छौं । हाम्रा प्राकृतिक समपदाको विनाश हुँदै गएको छ, वन्यजन्तु नासिदै गएका छन् यस्तो विषम परि स्थितीमा पनि विभिन्न निकायहरु वातावरण संरक्षणमा लागि परेका छन् ।

नविकरणीय र अनवीकरणीय उर्जाका श्रोतहरु विवेकपूर्ण तरिकाले उपभोग गर्नु हाम्रो प्रमुख कर्तव्य हो भने हाम्रो घर, विद्यालय र छर छिमेकीमा वातावरणीय सम्वन्धी जनचेतना जगाउनु हाम्रो प्रमूख दायित्व हो । वैकल्पीक उर्जाका श्रोतहरु प्रयोग गरेर वातावरण संरक्षण गर्नु हामी सवैको साझा कर्तव्य हो । हामि सबै हातेमालो गर्दै वातावरण संरक्षणका चुनौती संग सामना गर्नु हाम्रो प्रमूख दायित्व पनि पर्दछ । अझ राष्ट्र र अन्तराष्ट्रिय सन्धी सम्झौताहरुको पालनामा ध्यान पुऱ्याउनु अझ ठूलो कर्तव्य पनि हो ।

अन्तयमा वातावरण संरक्षणको नारा र कानूनी व्यवस्था भन्दा पनि व्यवहारिक प्रयोगमा जोडदिई देशका राजनेता, अभिनेता, राष्ट्रसेवक, शिक्षक, विद्यार्थी, सेना, प्रहरी, पत्रकार अझ भनौं वन तथा वातावरण क्षेत्रमा कार्यरत निकायले आफ्नो दायित्वलाई पालना गर्न सकेमा वातावरणको विषम चुनौतीहरुलाई सजिलै पन्छयाएर वातावरण संरक्षण गर्न सकिन्छ । ❑

जेठादाईको आरन



दिनेश न्यौपाने
कक्षा : १०
श्री नागार्जुन मा.वि., गोलढुङ्गा

आधुनिकताले नजानिदो रुपमा वातावरण धुमिल्याई रहेको अवस्थामा तारकेश्वर न.पा. गोलढुङ्गामा जेठा नामले चिनिने वृद्धिमान वि.क.को परम्परागत पेशाले गाउलेहरुको समस्यालाई समाधान गरिरहेको छ । साना हावा हुरीले पनि उडाएरै लाने खालको छाप्रोमा दिनहु आरन चलाई गाउँलेका हसिया, चिम्टा, चुलेसी, खुकुरी बनाउने तथा साँध लगाउने काम गरी दुःखै दुःखमा एक गाँस खान पुगेको वताउँछन् । गाँउलेहरुले नै प्रयोग गरेका काठ, दाउराको गोलले उनी आरन चलाउछन् । हात भाचिएर कमजोर बनेका जेठादाईका स-साना दुई छोरा त्यहीको अनाथलयमा छन् । हामी स्कुल जाने बाटोमा दिनहुँ मेहनतमा तल्लीन यी जेठादाईको मेहनतले यो क्षेत्रको कृषकहरुलाई सहयोग पुऱ्याएको छ । ❑



बुद्धिमान आरन चलाउँदै



Pasang Sherpa
Class : 3
Nagarjun Secondary School, Goldhunga

लंगुर बाँदर Langur

नेपालमा पाइने तीन प्रजातिका लंगूरहरू पहिले Prebytis entellus/*Semnopithecus entellus* का उप-प्रजातिका रुपमा थिए । कालो अनुहार, सेतो रौं र शरीरको लम्बाई भन्दा लामो पुच्छर भएको यसलाई हनुमान लंगुर भनिन्छ । नेपालमा पाइने अन्य बाँदर भन्दा यी बाँदर सोझो प्रकृतिका हुन्छन् । तीन प्रजातिका लंगूरहरू नेपाल लंगूर Nepal langur/*Semnopithecus schistaceus*, तराई लंगूर Tarai Langur/*Semnopithecus hector* र पश्चिमा लंगूर *Semnopithecus ajax* हुन् ।

अन्य देशमा बाँदरहरुलाई संरक्षित जन्तुमा राखिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा यो बाँदरको बारेमा महत्व दिइएको देखिदैन । साइटिसको (CITIES/वन्यजन्तु ओसार पोसार तथा व्यापार महासन्धी) अनुसूचि १ मा नेपाल लंगूर, तराई ग्रे लंगूर, पश्चिमा लंगूर उल्लेखित छन् । त्यसैगरी आइयूसिएन रेड बुकमा संकटापन्न सूचीमा पश्चिमा लंगूर तथा लोपोन्मुख सूचीमा तराई ग्रे लंगूर र नेपाली लंगूरलाई कम चासो भएको उल्लेख गरिएको छ ।



ज्यूठार नाचिकेता बेसिरो गोदावरी क्षेत्र

वन, वन्यजन्तु संरक्षण एवम् वन्यजन्तु अपराध नियन्त्रणमा हरियाली रक्षक सधैं अगाडि बढिरहोस् भन्ने शुभ-कामना व्यक्त गर्दछौं ।

मानव अधिकार तथा शरणार्थी हित केन्द्र, नेपाल

ज्ञानेश्वर, काठमाडौं